# DOLLY PARTON
# को काल्पनिक पुस्तकालय

## हामी खेल्नको लागि समुद्री किनारा
## (A Beach for Us to Play)

### नोला टर्नर – जेन्सन र म्यागी प्रेवेट

यो तपाईंको साना बच्चाहरूको लागि एउटा राम्रो साधारण किताब हो । यसका प्रत्येक पृष्ठमा केही शब्दहरू मात्र छन्; पृष्ठमा मुख्य चित्र के हो भन्ने कुरा प्रष्ट छ किनभने यो ठूलो छ र शब्दहरू तालबद्ध ढाँचामा लेखिएको छ । यसले बच्चाहरूलाई कथा पछ्याउन र सम्झन सहयोग गर्छ ।




## पढ्नुभन्दा अघि....

- आवरणमा हेर्नुहोस् र "यो समुद्री किनाराको बारेमा किताब हुनुपर्छ" भन्ने कुरा नोट गर्नुहोस् ।
- हामीले किताबमा के देख्न सक्छौं भनेर आवरणले देखाउँछ – एउटा बाल्टिन, गंगटो, माछा, चङ्गा र शङ्ख ।
- तपाईंको बच्चालाई "तिमीले तिनीहरू देखेमा औंलाले देखाउ" भन्नुहोस् ।

## पढ्दा...

- पहिला किताबलाई पुरै पढ्नुहोस् ताकि तपाईंले शब्दहरूको तालबद्ध ढाँचाहरू सुन्न सक्नुहुन्छ । त्यसपछि फर्केर फेरि हेर्नुहोस् ।
- प्रत्येक पृष्ठको लागि के हुन सक्छ भनेर अभिनय गर्नुहोस् । शङ्ख फेला पार्दा छक्क पर्नुहोस् । चङ्गा उडाउनुहोस् । बाल्टिन भर्नुहोस् । तातो डम्पर खानुहोस् । पानीमा छपछप गर्नुहोस् । माछा मार्ने लाइनमा फाल्नुहोस् । गंगटोले तपाईंलाई नच्याप्ने गरि समात्नुहोस् । माछा चलिरहँदा यसलाई समात्नुहोस् ।

## पढिसकेपछि...

- तपाईंले समुद्री किनारा वा अन्य विशेष ठाउँमा गर्नुभएको यात्राको बारेमा कुरा गर्नुहोस् ।
- तपाईंले के देख्नुभयो वा भेट्टाउनुभयो ?
- यसको बारेमा कुरा गर्नुहोस् र यसलाई कथाको रूपमा भन्नुहोस् । "समुद्री किनारामा हाम्रो दिन ।"
- तपाईंले यसलाई यो कथाको जस्तै ढाँचामा पनि बनाउन सक्नुहुन्छ । "एउटा टाउको, घामबाट जोगाउनको लागि टोपी ।" "एउटा छाल, एउटा स्प्लास जसले मलाई ढलायो ।"

Dolly Parton को काल्पनिक पुस्तकालयको बारेमा थप जान्नको लागि ।
कृपया हाम्रो वेबसाइट **unitedway.com.au/imagination-library** मा जानुहोस्

Dolly Parton's Imagination Library

United Way Australia